## मिति २०८२।०६।२५ गतेको तेस्रो कार्यपालिका बैठकको मुख्य निर्णयहरु

१. मिति २०८२।०६।१८ र १९ गते परेको अविरल वर्षाको कारण सिर्जित विपद्जन्य घटनाका सन्दर्भमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

क. राजदुवाली टापुका वास्तविक विस्थापितहरुको स्थायी व्यवस्थापन- पहिचान भएका वास्तविक सुकुम्वासीहरुको व्यवस्थापनका लागि राजदुवाली क्षेत्रमा उपयुक्त जग्गा व्यवस्थापन गर्ने/वडा न २ ३ र ६ का विस्थापितहरुका लागि समेत उपयुक्त जग्गा वडाले पहिचान गरि कार्यपालिकामा पेश गर्ने ।

ख. बिस्थापितहरुको पूनर्स्थापना र संरचनाहरुको पूननिर्माणका लागि सम्वन्धित निकायहरुमा माग गरि पठाउने

ग. कर्मचारीहरुको तलबबाट २ दिनको रकम कट्टा गरि राहत वितरण गर्ने/ जनप्रतिनिधीहरुको १० दिनको सुविधाबाट कट्टी गर्ने ।

घ. आवश्यकतामा आधारित राहत वितरणका लागि समन्वय गर्ने/नपुग क्षेत्रमा आवश्यक राहत तुरुन्त उपलब्ध गराउने प्रयोजनार्थ देहाय बमोजिमको राहत वितरण व्यवस्थापन Task Force गठन गर्ने ।

२. मिति २०८२।०६।१८ र १९ गतेको अविरल वर्षाका कारण भएको विपद् बाट क्षतिग्रस्त सडक, कुलो लागायतका भौतिक पूर्वाधारहरुको मर्मत संभार तुरुन्त गर्नु पर्ने भएको हुँदा वडा कार्यालयहरुबाट मर्मत संभार योजना संचालन गर्नका लागि गठन हुने उपभोक्ता समितिले योजनाको सम्झौता अघि उपभोक्ता लागत सहभागिताको रकम जम्मा गराएर मात्र सम्झौता गर्दा विपद् प्रतिकार्यमा बिलम्व हुने भएको हुँदा उपभोक्ता समितिले व्यहोर्नु पर्ने लागत सहभागिता बापतको रकम अन्तिम बील भुक्तानी अघि जम्मा गर्न लगाइ हाललाइ सम्झौता गरि मागका आधारमा नियमानुसार पाउने पेश्की रकम उपलब्ध गराउने ।

३. आन्तरिक आय (नदी जन्य पदार्थ संकलन तथा बिक्री सम्बन्धी ठेक्का नं. ०१/२०८२/०८३, ०२/२०८२/०८३, ०३/२०८२/०८३,०४/२०८२/०८३, ठेक्का बन्दोबस्ती सम्बन्धी दोस्रो पटक सुचना आहान गर्दा पनि कुनै प्रस्ताव नपरेमा अमानतबाट उठाउने निर्णय गरियो ।

४. मिति २०८२।०५।२३ र २४ गते भएको Gen-Z समूहको आन्दोलनको क्रममा मिति २०८२।०५।२४ गते इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा भएको क्षतिलाई मूल्याङ्कन गर्ने सम्बन्धमा इलाम नगरपालिकाको कार्य विभाजन नियमावली, २०७४ को नियम ४ को उपनियम ७ बमोजिम क्षति मूल्याङ्कन समिति गठन गर्ने मिति २०८२।०५।३१ गतेको कार्यपालिका बैठकबाट निर्णय भएकोमा उक्त समितिले मिति २०८२।०६।२२ गते पेश गरेको प्रतिवेदन पाना ३९ (उनन्चालिस) स्वीकृत गर्ने तथा समितिबाट प्राप्त मूल्याङ्कन प्रतिवेदन बमोजिम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा १११ बमोजिमको समिति समक्ष क्षति भएका जिन्सी सामाग्रीहरु मिनाहाको लागि सम्वन्धित निकायहरुमा समेत पठाउने निर्णय गरियो।

५. इलाम नगरपालिकाको आ व २०८२/८३ को संघिय समपूरक अनुदान अन्तर्गत रत्नचोक इन्टेक सांगरुम्बा सडक स्तरोन्नती (इन्टेक सांगरुम्बा खण्ड) को चालु आ व २०८२/८३ को लागि रु ९१,००,०००।- बिनियोजन भएको र संघिय समपूरक अनुदान कार्यविधि २०८१ को दफा ९ तथा अनुसुची ३ (ख), समूह ङ अनुसार नेपाल सरकारको (४०%) र इलाम नगरपालिकाको (६०%) रकम सुनिश्चित गरि उक्त सडक खण्डको स्थलगत सर्भे तथा लागत अनुमान तयार गर्दा रु ८,५०,००,०००।— (आठ करोड पचास लाख मात्र) पाइएको र सो बमोजिम श्रोत सुनिश्चित गरि बहुबर्षिय ठेक्का स्वीकृत गर्ने निर्णय भए बमोजिम मिति २०८२/०६/१२ मा राष्टिय स्तरको बोलपत्र आव्हान भएकोमा मिति २०८२/०६/१८ गतेको भिषण बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपले उक्त सडक खण्डहरुका विभिन्न चेनेजमा सडक चुडिएको, पहिरो गएको र अधिकाशं क्षेत्रमा अत्याधिक क्षति भएको हुंदा पुन स्थलगत सर्भे गरि रत्नचोक इन्टेक सांगरुम्बा सडक स्तरोन्नती (इन्टेक सांगरुम्बा खण्ड) को ड्रइङ्ग, डिजाइन, लागतअनुमान तथा बोलपत्र सम्बन्धी कागजातहरुको संशोधन गर्ने निर्णय गरियो।

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७३

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत